# नन्देगडा स्वास्थ्य चौकीको सामाजिक परीक्षण कार्यक्रम सम्पन्न प्रगति

# प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३




**पेश गरिएको निकाय :** मेल्लेख गाउँपालिका अछाम
**पेश गर्ने :** अछाम न्यूज दैनिक (शिवराज खत्री, सामाजिक परीक्षक)

१. पृष्ठभूमी :

नेपालको संविधानले “प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन” र “प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ” भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकभित्र समावेश गरेको छ । मुलुकमा लोकतन्त्रको बहालीसँगै आमजनताले राज्यसँग गर्ने अपेक्षा अत्यधिक मात्रामा वृद्धि हुनुका साथै नागरिकको चेतनास्तरमा भएको विकासका कारण सार्वजनिक सेवाप्रवाहलाई नागरिकको हित अनुकूल जवाफदेही बनाउनुपर्ने आवश्यकता टड्कारो देखिन्छ । लोकतान्त्रिक शासन पद्धतिले नागरिकको सार्वजनिक सेवाप्रतिको चासो र जनस्तरबाट गरिने यसको अनुगमनलाई थप प्रभावकारी बनाउन बल पुर्‍याएको छ । सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६३ तथा नियमावली २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६३, स्वास्थ्य क्षेत्रका नीति तथा रणनीति, जनस्वास्थ्य ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४, स्वास्थ्य संस्थाका लागि निर्धारित न्यूनतम सेवा मापदण्ड (:ष्लष्ग क्भचखष्अभ क्तबलमबचम) तथा नेपालको संविधानको अनुसूचीमा उल्लेख भए अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची बमोजिम स्थानीय तहमा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा सेवाप्रवाहलाई सहभागिता मूलक एवम् योजनाबद्ध तबरले लेखाजोखा र परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्नका लागि सामाजिक जवाफदेहिता मार्गदर्शनको अभिन्न अंका रुपमा यो कार्यक्रम रहेको छ ।

खासगरी संघात्मक शासन व्यवस्थाअनुकूल स्थानीय तहमा आधारभूत एवम् अपरिहार्य सार्वजनिक सेवाका रूपमा रहेको स्वास्थ्य सेवामा आमनागरिकको पहुँच र संलग्नतालाई अभिवृद्धि गर्दै स्वास्थ्य क्षेत्रका सामाजिक परीक्षणको प्रक्रियालाई अझ प्रभावकारी बनाउनका लागि मद्दत गर्दछ । नेपालको संविधानले जनताको मौलिक हकको रूपमा स्थापित गरेको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको हकलाई स्थानीय तहमा साकार बनाउन, स्वास्थ्य सेवामा आमजनताको पहुँच अभिवृद्धि गर्न तथा स्वास्थ्य सेवाको प्रवाहसम्बन्धी जिम्मेवारीलाई जवाफदेही तरिकाले पूरा गर्ने व्यवस्था सुनिश्चित गर्ने उद्देश्यले स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको सामाजिक परीक्षण गर्ने गरिन्छ ।

यसका साथै स्वास्थ्य सस्थावाट प्रदान गरिने सेवा सुविधा र सेवा प्रदायक निकाय वा संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, श्रोत परिचालन, अनियमितता, पारदर्शिता र प्रभावकारिताबारे सम्बन्धित सेवाग्राही, सेवा प्रदायक/व्यवस्थापक पक्ष र त्यस विषयसँग जोडिएका अन्य सरोकारवालाहरुका धारणा संकलन गर्ने ,संकलित धारणा तथा सुचनालाई विश्लेषण गरी प्राप्त भएका उपलब्धि/परिवर्तन तथा सुधारात्मक पक्षहरुलाई पारदर्शी रुपमा तेश्रो पक्षद्धारा लेखाजोखा गरी यथार्थ विवरण आमभेला मार्फत सार्वजनिक गरी उठेका सवालमा सहभागितात्मक रुपमा समीक्षा गरी राम्रा पक्षको निरन्तरता र सुधार गर्नुपर्ने सवालका लागि जिम्मेवारी सहितको कार्ययोजना निर्माण गरी स्वास्थ्य सेवामा प्रभावकारिता बढाउन सरकारी पक्षवाट तयार भएको सामाजिक परीक्षण कार्य सञ्चालन गर्ने गरिन्छ । सुशासनका विविध पक्षहरुलाई समेटेर लोकतान्त्रिक अभ्यास सहित स्वास्थ्यकर्मी स्वास्थ्य संस्थाका अगुवा र आम नागरिकहरुलाई स्वास्थ्य संस्था र

सेवाकाबारेमा सहभागितामुलक पद्धतिको माध्यमबाट पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्वका सवालमा दायित्वबोध गराउन कार्यक्रम आयोजना गरिएको हो ।

स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत यस मेल्लेख गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम संचालन गरी सेवाप्रदायक, सेवाग्राही, व्यवस्थापन समिति जनप्रतिनिधि, राजनैतिक दल, समाजसेवी, वुद्धिजिवी सरोकारवालाहरुवीच आ–आफनो जिम्मेवारी वोध भई स्वास्थ्य क्षेत्रमा पारदर्शिता जवाफदेहिता र सूचना पवाहमा सुधार भएको हुनेछ । स्वास्थ्य क्षेत्रको लागि सामाजिक परीक्षण कार्यक्रमवारे जानकारी गराई संस्था र समुदायमा हुने स्वास्थ्यसम्बन्धी समस्यालाई कम गर्दै समुदायहरुलाई स्वास्थ्यसम्बन्धी प्रत्यक्ष सहभागिता, जवाफदेहिता, पारदर्शिता कायम गरि सेवाग्राहीले पाउने सेवा सुबिधाका वारेमा जानकारी गराइनेछ । स्वास्थ्य सेवासम्बन्धी पहुँच बढाउने उद्देश्यले सेवाग्राही, सेवाप्रदायक, सरोकारवालाहरुको वीच छलफल अन्तरक्रिया, अध्ययन, अवलोकन गरी प्रतिवेदन तयार गरी प्रतिवेदन माथि देखीएका सवालहरुमा आमभेलाको आयोजना गरी जिम्मेवारी र समय सीमाको किटान साथै कार्ययोजना समेत वनाई कामहरु सम्पन्न गर्ने आधारमा स्वास्थ्य क्षेत्रको लागि सामाजिक परीक्षण कार्यक्रम संचालन गरिएको हो ।

२. **स्वास्थ्य संस्थाका बारेमा संक्षिप्त जानकारी** : मेल्लेख गाउँपालिकाको वित्तीय सहयोगमा र अछाम न्यूज दैनिकको आयोजनामा संचालित स्वास्थ्य क्षेत्रको लागि सामाजिक परीक्षण कार्यक्रम वडा नम्बर ७ नन्देगडामा सम्पन्न गरियो । संस्थाहरुको सामाजिक परीक्षण गरी देखिएका सकारात्मक पक्ष,मुख्य समस्याहरु र सुधार गर्नुपर्ने पक्षहरु,जिम्मेवार निकाय,व्यक्ति र समय अवधि समेतका वारेमा आम भेलामा छलफल गरी कार्य योजना समेत तयार गरी सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई सुधार गर्नको लागि संस्थाको सामाजिक परीक्षण कार्यक्रम गरिएको छ ।

**३. सामाजिक परीक्षण गर्नुको मुख्य उद्देश्य :**

- स्वास्थ्य क्षेत्रबाट प्रदान गरिने विभिन्न सेवाहरु र सामुदायिक स्वास्थ्यसम्बन्धी क्रियाकलापहरुका बारेमा समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।
- आम नागरिक (महिला, गरीव, पीछडिएका एवं बञ्चित समुदाय समेत) को प्रत्यक्ष सहभागीताका आधारमा स्वास्थ्य सेवाप्रति उनीहरुको अधिकार, जिम्मेवारी र अपनत्वको भावना बिकास गर्ने ।
- स्वास्थ्य सेवाप्रदायक निकायहरुलाई आम नागरिक बिशेष गरी महिला,गरीब पिछडिएका एवं बन्चित समुदायप्रति जवाफदेही बनाई स्वास्थ्य सेवाका अपेक्षित उपलब्धीहरु हासिल गर्ने कार्यमा योगदान पुर्‍याउने ।
- आम नागरिक र स्वास्थ्य संस्थाहरु बीच खुल्ला रुपमा सही सुचना आदान प्रदान, बहस छलफल र नियमित संवाद गर्ने परिपाटीको बिकास गर्ने ।
- आम नागरिकमा स्वास्थ्यसम्बन्धी सूचनामाग गर्ने र सेवा प्रदायकहरुमा सूचना प्रवाह गर्ने संस्कार स्थापित गर्ने ।

**४. सामाजिक परीक्षण अवधि :**
आ.व. २०८३/०२/२२-२७ गते सम्म

**५. सामाजिक परीक्षणमा प्रयोग भएका विधि तथा प्रक्रिया :**
पत्राचार, छलफल, प्रश्नोतर र सामुहिक छलफल ।
समिति र कर्मचारीहरुलाई कार्यक्रमको बारेमा अभिमूखीकरण ।
स्वास्थ्य संस्थामा भएका सेवा रजिष्ट्ररहरुको अभिलेखीकरणका वारेमा अध्ययन र छलफल।
आमासमूह र सरोकारवालाहरुसँग छलफल र बैठक । समिति र कर्मचारीहरु बीच प्राप्त सूचना र अभिलेखका वारेमा छलफल ।
प्रतिवेदन तयार र आमभेलाको आयोजना ।
कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश ।

**६. सम्पन्न गरिएका मुख्य मुख्य क्रियकलापहरु :**

- समिति र कर्मचारीहरुलाई कार्यक्रमको बारेमा अभिमूखीकरण ।
- स्वास्थ्य संस्थामा भएका सेवा रजिष्ट्ररहरुको अभिलेखीकरणका बारेमा अध्ययन र छलफल ।
- स्वास्थ्य संस्थाहरुको सबै सेबाका वारेमा छलफल अध्ययन अवलोकन कार्यक्रम । आमा समूह, दलित समूह र सरोकारवालाहरुसंग स्वास्थ्य सेवाका वारेमा छलफल कार्यक्रम ।
- सेवाग्राहीहरुसँग सूचना संङ्कलन कार्यक्रम ।
- समिति र कर्मचारीहरु बीच प्राप्त सूचना र अभिलेखका वारेमा छलफल । सवाल, सकारात्मक पक्ष, मुख्य समस्या र सुधार गर्नुपर्ने पक्षको प्रतिवेदन तयार ।
- प्रतिवेदन तयार आमभेलामा प्रस्तुती ।
- आमभेलाद्वारा जिम्मेवार निकाय, समय निर्धारण र कार्य योजना तयार ।

**८. सामाजिक परीक्षणले उठाएका समष्टिगत नतिजाहरु :**
**सवलपक्षहरु :**

- स्वास्थ्य संस्था नियमित संचालन भएको ।
- स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व र परिवार नियोजन सेवाका रजिष्टरहरु प्राप्त भएको।
- स्वास्थ्य संस्थाहरुमा औषधि भण्डारण गरिएको ।
- स्वास्थ्य संस्थामा निःशुल्क प्रसुती सेवा सेवाग्राहीले पाएको ।
- स्वास्थ्य संस्थामा ओपीडी र निःशुल्क औषधीहरु वितरण भएको ।
- स्वास्थ्य संस्थाको नाममा बैंक खाता संचालन भएको।
- स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यावस्थापन समिति नयाँ गठन गरिएको ।
- स्वास्थ्य संस्थाको कार्यालयमा शौचालय भएको ।
- आवश्यक सामाग्रीहरु खरिद गर्दा समितिले निर्णय गर्ने गरेको ।

- ❖ सहयोगी संस्थाहरुले पनि आवश्यक उपकरण प्रदान गरेको ।
- ❖ आफ्नै नयाँ भवन निर्माणको अन्तिम चरणमा रहेको ।
- ❖ संस्थाको आफ्नै छाप भएको ।
- ❖ विद्युतिय अभिलेख प्रणाली लागू भएको ।
- ❖ संस्थागत सुत्केरी दर शतप्रतिशत भएको ।
- ❖ पूर्णखोप युक्त वडा निरन्तरता।
- ❖ अन्यत्र प्रेषण गरिएका सुत्केरीलाई निःशुल्क एमबुलेन्स सेवा । निजी गाडीमा गए भाडाको व्यवस्था गरिएको ।
- ❖ राष्ट्रिय षोषण लेखाजोखा अभियान संचालन तथा शिघ्र कुपोषणको दर शुन्य भएको।
- ❖ मातृ तथा नवशिशु मृत्युदर शुन्य भएको ।

## ९. सुधार गर्नुपर्ने पक्षहरु :

सुधार गर्नुपर्ने पक्षहरु :

१. संस्थाको आफ्नो भवन चाँडो निर्माण सम्पन्न हुनुपर्ने ।
२. स्वास्थ्य संस्थाको बोर्ड राखिनु पर्ने ।
३. नियममित लेखा परीक्षण गर्नुपर्ने ।
४. नियमित बैठक बस्नु पर्ने ।
५. सूचना पाटीको व्यवस्था हुनुपर्ने ।
६. नागरिक वडापत्रको व्यवस्था हुनु पर्ने ।
७. गुनासो राख्ने, संवोधन हुने व्यवस्था हुनु पर्ने ।
८. फोहोरमैला व्यवस्थापनको राम्रो व्यवस्था हुनुपर्यो ।
९. दरबन्दी अनुसारका स्वास्थ्यकर्मीको व्यवस्था हुनुपर्यो ।
१०. खानेपानीको व्यवस्था हुनुपर्यो ।
११. विद्युतको वैकल्पिक व्यवस्था हुनुपर्यो ।
१२. सेवाग्राहीलाई आराम कक्षको व्यवस्था हुनुपर्यो ।
१३. पाँडेकोट गाउँघर तथा खोप क्लिनिकको भवन प'नः निर्माण गर्नुपर्ने।
१४. प्रयोगशाला सेवा संचालन हुनु पर्ने ।
१५. सुत्केरीलाई २४ घण्टा राख्ने व्यवस्था हुनुपर्ने ।
१६. सबै विरामीलाई अनिवार्य रक्तचाप जाँच गर्नुपर्ने ।
१७. स्वासप्रस्वासका लागि नेवुलाइजर सेवा अनिर्वाय संचालन हुनुपर्ने । औषधि अभाव ।

स्वास्थ्य संस्थाको सामाजिक परीक्षणका क्रममा अवलोकन, छलफल तथा प्रत्यक्ष सेवाग्राहीसंग भेटघाट गरी संकलन गरिएको सूचना विश्लेषणका लागि विभिन्न विधिहरु अपनाइएको थियो। स्थानीय समुदाय, आमा समूह, सेवाग्राही तथा स्वास्थ्यकर्मीहरुवाट प्राप्त सूचनाको संकलन, अध्ययन तथा विश्लेषण पश्चात प्राप्त नतिजाहरुलाई आमभेलाको आयोजना गरी प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षणबाट प्राप्त प्रारम्भिक नतिजाहरुको सार्वजनिकीकरण गर्नु। उपलब्ध स्वास्थ्य सेवाहरुमा सर्वसाधारणको पहुँच, गुणस्तर, प्रभावकारिता र स्वास्थ्य संस्थाको जवाफदेहीताको बारेमा सहभागीहरुको राय, सुझाव र प्रतिक्रियाहरु संकलन गर्नु । सेवाको गुणस्तर, पहुँच र प्रभावकारीताको सुनिश्चित गर्न

उठेका सवालहरुको सम्बोधनका लागि कार्य योजना बनाउनु । कार्य योजना प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि सम्बन्धित सबैको प्रतिबद्धता सुनिश्चित गर्न आमभेला सञ्चालन गरिएको हो । सो भेलामा यस वडाका ५६ जना सरोकारवालको सहभागिता रहेको थियो ।

१०. आमभेलामा उठेका प्रश्न तथा जिज्ञासाहरूसहित सम्बोधन गर्नुपर्ने सवालहरू :

➢ दरबन्दी अनुसारको स्वास्थ्यकर्मीको चाँडो पुर्ति गर्नुपर्ने।

➢ भवन निर्माण समयै सम्पन्न गर्नुपर्ने ।

➢ वार्षिक रुपमा लेखापरीक्षण गर्नुपर्ने ।

➢ समुदायमा सचेतनाका कार्यक्रम गर्नुपर्ने ।

➢ प्रयोगशाला सञ्चालन गर्नुपर्ने ।

११. सामाजिक परीक्षणले उठाएका मुद्दाका बारेमा जिम्मेबार निकायको प्रतिक्रिया र प्रतिबद्धता

स्वास्थ्य चौकीबाट प्राप्त सेवा सुविधालाई आमनागरिक समक्ष सहज ढंगले पुऱ्याउन आफूहरु उपलब्ध स्रोत र साधनलाई प्रयोग गरी खटेको बताएका छन् । आमभेलामा उठेका सवालहरु महत्वपूर्ण रहेको बताउँदै नेपाल सरकारले व्यवस्था गरेको सबै खाले सेवा र काम पूरा गर्नुपर्नेमा स्वास्थ्य चौकी प्रमुख प्रतिबद्ध भएका छन् । तत्काल आवशयकतामा रहेको स्वास्थ्य चौकीको भवन चाँडो निर्माण सम्पन्न गर्न पहल गर्ने प्रतिबद्धता जनाएका छन् । उपलब्ध स्रोत साधनबाट भएका कामहरुमा केही थप गरी नागरिकलाई सेवा दिन सहजता बनाउन व्यवस्थापन समिति, गाउँपालिका, वडा कार्यालयको समन्वयमा ती सवालहरु सम्बोधनका लागि आफूहरु प्रतिबद्ध रहेको बताएका छन्। यस्तै व्यवस्थापन समिति अध्यक्षले गुणस्तरीय सेवा विस्तार गर्न आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

(शिवराज खत्री, सामाजिक परीक्षक)

स्वास्थ्य चौकी सुधार कार्ययोजना

**स्वास्थ्य चौकी सुधार कार्ययोजना** ९ध्यचप एबिल०

| क्र।सं। | सुधारका क्षेत्रमुख्य सवाल | क्रियाकलाप | सम्पन्न गर्ने समयावधि | जिम्मेवार व्यक्ति | कार्यसम्पादन सूचक | अनुगमन गर्ने निकाय | स्रोतसहयोग |
|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन निर्माण | भवन निर्माण कार्य सम्पन्न गर्ने | आ।व। भित्र | गाउँपालिका | भवन निर्माण सम्पन्न | गाउँपालिका | पालिका |
| २ | लेखापरीक्षण गर्ने | वार्षिक लेखापरीक्षण सम्पन्न गर्ने | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | लेखापरीक्षण प्रतिवेदन | स्वास्थ्य शाखा | आन्तरिक स्रोत |
| ३ | स्वास्थ्य चौकी बोर्ड राख्ने | नाम तथा संकेत बोर्ड राख्ने | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | बोर्ड स्थापना | वडापालिका | आन्तरिक स्रोत |
| ४ | नियमित बैठक | मासिक बैठक सञ्चालन गर्ने | प्रत्येक महिना | स्वास्थ्य चौकी प्रमुख | ४ वटा बैठक सम्पन्न | स्वास्थ्य शाखा | आन्तरिक स्रोत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सूचना पाटी राख्ने | सेवा सम्बन्धी सूचना प्रदर्शन | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | सूचना पाटी स्थापना | पालिका | आन्तरिक स्रोत |
| ६ | नागरिक वडापत्र | नागरिक वडापत्र अद्यावधिक गरी राख्ने | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | वडापत्र प्रदर्शन | पालिका | आन्तरिक स्रोत |
| ७ | गुनासो पाटी | गुनासो व्यवस्थापन पाटी राख्ने | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | गुनासो पाटी स्थापना | पालिका | आन्तरिक स्रोत |
| ८ | जनशक्ति व्यवस्था | रिक्त पदपूर्ति तथा जिम्मेवारी बाँडफाँड | निरन्तर | पालिका/स्वास्थ्य चौकी | आवश्यक जनशक्ति उपलब्ध | पालिका | पालिका |
| ९ | खानेपानी व्यवस्था | सुरक्षित खानेपानीको व्यवस्था | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | खानेपानी उपलब्ध | पालिका | पालिका |
| १० | सेवाग्राही आराम कक्ष | प्रतीक्षालय/आराम कक्ष व्यवस्था | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | आराम कक्ष सञ्चालन | पालिका | पालिका |
| ११ | वैकल्पिक विद्युत व्यवस्था | इन्भर्टर/सोलार जडान | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | विद्युत अवरोधमा पनि सेवा | पालिका | पालिका/दाता |
| १२ | प्रयोगशाला सेवा | आधारभूत प्रयोगशाला सेवा सञ्चालन | | | | | |
| १३ | रक्तचाप जाँच अनिवार्य | इएम सेवामा द्यए जाँच अनिवार्य गर्ने | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | १००५ द्यए जाँच | स्वास्थ्य शाखा | आन्तरिक स्रोत |
| १४ | गाउँघर क्लिनिक भवन | क्लिनिक सञ्चालनका लागि भवन व्यवस्था | आ।व। २०८३।३०८४ भित्र | पालिका | भवन उपलब्ध | पालिका | पालिका |
| १५ | सुत्केरीलाई २४ घण्टा राख्ने व्यवस्था | आवश्यक बेड तथा सेवा व्यवस्था | असार मसान्त | स्वास्थ्य चौकी प्रमुख | २४ घण्टा सेवा उपलब्ध | स्वास्थ्य शाखा | पालिका |
| १६ | नेबुलाइजर सेवा | नेबुलाइजर सेवा सञ्चालन | असार पहिलो हप्ता | स्वास्थ्य चौकी प्रमुख | सेवा सञ्चालन | स्वास्थ्य शाखा | पालिका |
| १७ | फोहोरमैला व्यवस्थापन | स्वास्थ्यजन्य फोहोरको सुरक्षित व्यवस्थापन | निरन्तर | स्वास्थ्य चौकी प्रमुख | फोहोर व्यवस्थापन प्रणाली लागू | पालिका | पालिका |

**कार्यक्रमका तस्विरहरु :**











चौकीको आर्थिक वर्ष
भेला
आयोजक :




नन्देगडा स्वास्थ्य चौकीको आर्थिक वर्ष
२०८२/०८३ को सामाजिक परीक्षण कार्यक्रम
आम भेला
मिति : २०८३ जेठ २७ गते
स्थान : वडा नं. ७, नन्देगडाको सभाहल
सहजिकरण :
अछाम न्यूज
सहयोग :
मेल्लेख गाउँपालिका
अछाम










उपस्थिती :